वर्ष : २ अंक : ११ वैशाख, २०७९

गुल्मीदरबार

# ई-बुलेटिन

मासिक




## गुल्मीदरबार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गौडाकोट, गुल्मी

इमेल : ito.gulmidarbarruralmun@gmail.com, info@gulmidarbarmun.gov.np
बेवसाईट: www.gulmidarbarmun.gov.np

# गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

# मासिक ई-बुलेटिनका लागि

## सल्लाहकार



मिना भण्डारी

का.वा. अध्यक्ष

## संरक्षक एवं प्रधानसम्पादन



लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादक मण्डल



नारायण प्रसाद अर्याल
अधिकृत (स्वास्थ्य)



टंकप्रसाद पन्थी
अधिकृत (प्रशासन)



सुरेश खनाल
सूचना प्रविधि अधिकृत



टुक बहादुर राना
कम्प्युटर अपरेटर



प्रकाश थापा
सूचना सहायक

**सम्पादन सहयोग**

अधिकृत नवराज घिमिरे, लेखा प्रमुख भविस्य अर्याल, आ.ले.प. सहायक टेकराज गिरी, लेखापाल तेजेन्द्र थापा

# शुभकामना



गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम मार्फत सुशासन कायम गर्दै भष्ट्राचार शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । गाउँपालिकाको हरेक कृयाकलापहरुलाई पारदर्शि बनाई नागरिकहरुलाई सुसूचित गराउनको लागि आ.व. ०७७/०७८ को श्रावण देखि मासिक ई-बुलेटिन प्रकाशन गर्ने नीति गाउँपालिकाले पालिकाले लिएको हुँदा सोहो अनुसार नियमित रुपमा ई-बुलेटिन प्रकाशन भैरहेको छ । गाउँपालिकाको समग्र कर्मचारी प्रशासनलाई चलायमान बनाउन, कर्मचारीलाई आफ्नो कामप्रति जिम्मेवार र जवाफदेही बनाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयका विभिन्न गतिविधिहरु समेटेर मासिक रुपमा ई-बुलेटिन प्रकाशन गरिरहेको छ । गाउँपालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरुको मुख्य उद्देश्य यहाँका नागरिकलाई सहज र सुलभ सेवा प्रवाह उपलब्ध गराई गुणस्तरीय विकास निर्माण गर्दै सुखी र समृद्ध पालिका निर्माणमा हामीहरु अहोरात्र लागि रहेका छौं । सुखी र समृद्ध गाउँपालिका बनाउने महान कार्यमा आम नागरिकको सहयोगको अपेक्षा गर्दछु । गाउँपालिकाबाट भए गरेका विभिन्न कृयाकलापहरुको बारेमा संचारकर्मी तथा आम नागरिकहरुले आफ्नो महत्वपूर्ण राय सुझाव उपलब्ध गराईदिनु हुन सादर अनुरोध गर्दछु ।

(मिना भण्डारी)
का.वा.अध्यक्ष



# प्रमुख प्रशासकीय अधिकृतको भनाई

समृद्ध र सुखी पालिका निर्माण गर्ने महान लक्ष्यमा यस पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरुको दृढ आत्मविश्वासको कारण समृद्ध पालिका निर्माणमा गुल्मीदरबार गाउँपालिका अगाडि बढिरहेको छ । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम मार्फत गाउँपालिकामा सुशासन कायम गर्दै भ्रष्ट्राचार शून्य सहनशिलताको नीति अवलम्बन गरिएको छ । जनता, जनप्रतिधि र कर्मचारीको संयोजन, सहकार्य र समन्वयबाट गाउँपालिकामा सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रवाह र गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिका सम्पूर्ण कर्मचारीहरु Proactive भएर लागेको अवस्था रहेको छ ।

गुल्मीदरबार गाउँपालिकाले जनतालाई केन्द्रमा राखी जनताको अधिकतम हितको लागि संचालन गरेका विभिन्न गतिविधिहरुको जानकारी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउँदा सबैले सूचना पाउने संवैधानिक हकको प्रत्याभूति गराउन र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आ.व. ०७७/०७८ को श्रावण देखि नियमित रुपमा मासिक ई-बुलेटिन प्रकाशन गरेको छ । गाउँपालिकाका विभिन्न शाखाबाट सम्पादन भएका कृयाकलापहरुको बारेमा सबैलाई सुसूचित गरी कर्मचारीलाई जिम्मेवारीबोध तुल्याई, कार्य दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी प्रभावकारी सेवा प्रवाहको लागि यस एकीकृत ई-बुलेटिनले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । सूचनानै शक्ति हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै ई-बुलेटिनको माध्यमबाट सम्पूर्ण गाउँपालिकाबासी जनताहरुलाई समग्र गाउँ कार्यपालिकाको कार्यालयको सबै क्षेत्रहरुको गतिविधिहरुको बारेमा सुसूचित गराउने र संचारकर्मीहरुलाई समाचार संकलनको लागि विभिन्न सूचनाहरु हातहातमा पुऱ्याउने यस ई-बुलेटिनको मुख्य उद्देश्य रहेकोले आगामी दिनमा यसलाई अझै परिस्कृत रुपमा प्रस्तुत गर्न यहाँहरु सबैले अमूल्य पृष्ठ पोषण उपलब्ध गराईदिनु हुन समेत सादर अनुरोध गर्दछु ।

(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत

# गुल्मीदरबार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गौडाकोट, गुल्मी

## गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडाहरूमा रहेका इकाईहरूबाट सेवा लिदा सेवाग्राही/नागरिकले ध्यान पुऱ्याउनु पर्ने विषयहरू

- कार्यालयबाट अवलम्बन गरिएको सेवा वितरणको प्रक्रिया र मापदण्डलाई पालना गर्ने ,
- कर्मचारीहरुसँग नम्र,शिष्ट व्यवहार र शालिन व्यवहार प्रदर्शन गर्ने,
- सार्वजनिक सेवाको लागि बिचौलिया लिई कार्यालयमा नआउने,
- कार्यालयको काम सम्बन्धी प्रकृया र आवश्यक कागजातका सम्बन्धमा नागरिक वडापत्र र सहायता कक्षबाट जानकारी लिने,
- सेवाप्रवाह सम्बन्धी प्रकृया र कागजातको बारेमा कार्यालयका कर्मचारीसँग बुझ्ने नागरिक बडापत्र हेर्ने तथा कार्यालयमा रहेको सेवाप्रवाह सम्बन्धी जानकारी पुस्तिका प्रयोग गर्ने,
- कार्यालयले तोकेको सेवा प्रवाहको समय तालिकाको पालना गर्ने,
- कार्यालयमा सेवा लिन आउँदा धूमपान,मद्यपान गरेर नआउने,
- कार्यालयको परिसरमा धूमपान,मद्यपान तथा सूर्ति सेवन गरेको पाईएमा कानुन अनुसार जरिवाना तिर्ने,
- कार्यालयको सम्बन्धित शाखाको कर्मचारीसँग आफ्नो कामको बारेमा विस्तृत रुपमा बुझ्ने र सोही अनुसार गर्ने,
- कर्मचारीलाई अनावश्यक स्वार्थ,दवाव,प्रलोभनमा पार्ने कार्य गैर कानुनी हुने हुँदा त्यस्तो कार्य नगर्ने ,
- कार्यालय परिसरमा रहेका सार्वजनिक सम्पत्तीमा हानि पुऱ्याउने कार्य नगर्ने,
- शौचालयको प्रयोग गरिसकेपछि पानीको प्रयोग गर्ने, जथाभावी नथुक्ने, अनावश्यक कागजात,वोतल लगायतका फोहोरलाई डस्टविनमा राख्ने,
- गाउँपालिकाको कार्यालयमा दिनको २ बजे देखि २:४० बजे सम्म खाजा खाने समय तोकिएको हुँदा केही समय धैर्य गरी सहायता कक्ष अगाडि राखीएको बेन्चमा बस्ने , टि.भी. हेर्ने, तथा इन्टरनेटको सेवा लिई विभिन्न जानकारीहरु प्राप्त गर्ने,
- आफ्नो काम भईरहेको समयमा शाखामा गई भिडभाड नगर्ने र कर्मचारीसँग अनावश्यक गफगाफ गरी कर्मचारीको काममा डिस्टर्व नगर्ने,
- कार्यालयको दोस्रो तलामा तातो चिसो पानीको व्यवस्था गरिएको हुँदा उक्त सेवा लिने,
- कुनैपनि काममा ढिलासुस्ती भएमा वा अन्य कुनै गुनासो भएमा गाउँपालिका अध्यक्ष (९८५७०७४४१०) र प्रमुख प्रशासकीय अधिकृत (९८५७०६७९१२) मा सम्पर्क गरी ढिलासुस्ती गर्ने कर्मचारीको गोप्य उजुरी गर्ने,
- कार्यालयबाट निशुल्क हुने सेवाहरुमा कुनै अतिरिक्त शुल्क माग गरेमा तत्काल गाउँपालिका अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने र त्यस्तो अतिरिक्त रकम नदिने,
- कार्यालयमा रहेको सुझाव पेटीकामा गुनासो तथा सुझाव राखी आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहको लागि असल नागरिकको भूमिका निर्वाह गर्ने ।
- कार्यालयको सेवा प्रवाहको बारेमा गुनासो तथा प्रतिक्रियाको लागि सहायता कक्ष तथा वडा कार्यालयहरुमा राखिएको सेवाग्राही सन्तुष्टी सर्भेक्षण फाराम भरी आफ्नो महत्वपूर्ण पृष्ठपोषण दिई असल नागरिकको कर्तव्य निर्वाह गर्ने,
- कार्यालयबाट प्राप्त सूचना तथा जानकारीहरु आफ्नो टोल छिमेकमा समेत प्रवाह गर्ने,
- कार्यालयको कार्यहरु र सेवा प्रवाह सम्बन्धी अन्य कुनै गुनासो भएमा का.वा. अध्यक्षको कार्यकक्ष कोठा नं. २ र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष कोठा नं. ३ मा सम्पर्क राख्ने ।

# विषय सूची


शिर्षक पेज नं.

गाउँपालिकाको परिचय ........ 1
ऐतिहासिक पृष्ठभूमी ........ 1
भौगोलिक विभाजन र सिमाना ........ 2
मुख्य जातजाती ........ 3
जनसंख्या ........ 4
दरवन्दी संरचना ........ 4
सम्पादन भएका मुख्य क्रियाकलापहरु ........ 15
सुशासन तथा सेवा प्रवाह ........ 15
१. स्थानीय तहमा सुशासन प्रबर्द्धन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न ........ 15
२. सेवाग्राहीहरुलाई सहजिकरण ........ 15
३. अनुगमन तथा निरीक्षण ........ 15
४. स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरीको व्यवस्था ........ 15
५. कर्मचारीको विदाई कार्यक्रम सम्पन्न। ........ 16
६. नवनियुक्त कर्मचारीहरुलाई स्वागत। ........ 16
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा ........ 17
१. Road Safety Barrier को निर्माण कार्य सम्पन्न ........ 17
२. १५ शैयाको अस्पताल निर्माण ........ 17
३. स्वास्थ्य चौकी भवन र खानेपानी योजना उद्घाटन ........ 17
सामाजिक तथा आर्थिक विकास ........ 18
१. सहकारी संस्था सुदृढीकरणको लागि कार्यक्रम सम्झौता ........ 19
२. महिला नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न ........ 19
३. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन ........ 19
शिक्षा तथा खेलकुद ........ 20
१. वार्षिक परीक्षा संचालन ........ 20
२. SEE परीक्षा संचालनको तयारी पूरा ........ 20
३. विद्यार्थीसँग गाउँपालिका कार्यक्रमको सुरुवात ........ 20
४. गाउँपालिकाको समग्र शैक्षिक अवस्था ........ 21
स्वास्थ्य ........ 22

१. पूर्ण खोप दिवश २०७८ कार्यक्रम सम्पन्न ..... 22
२. २४ औ स्वास्थ्य सेवा दिवश कार्यक्रम सम्पन्न ..... 22
सूचना प्रविधि तथा विद्युत्तिय सुशासन ..... 23
१. कार्यालयको वेभसाईट, सामाजिक संजाल, मोबाईल एप्स, SMS प्रणाली सञ्चालन तथा अध्यावधिक ..... 23
२. राजश्व संकलनमा अनलाईन राज्श्व संकलन प्रणाली को प्रयोग ..... 23
३. अनलाईनमा आधारित मानव संशाधन प्रणालीको प्रयोग ..... 24
**फागुन र चैत्र महिनामा भएका कार्यपालिकाका निर्णयहरु ..... 24**
**गाउँपालिकाले प्रकाशन गरेका विज्ञापन तथा सूचनाहरु ..... 33**
**गाउँपालिकाले प्रकाशन गरेका विज्ञापन तथा सूचनाहरु ..... 34**
**चैत्र महिनामा संचालन भएका विभिन्न कार्यक्रमहरुको झलक ..... 35**
**कार्तिक देखि चैत्र महिनासम्म भए गरेका मुख्य कार्यहरुको प्रगती विवरण ..... 39**
**कार्यालयको सवारी साधन विवरण र प्रयोग गर्ने अधिकारी ..... 48**
**कर्मचारीको हाजिरी, काज र बिदा सम्बन्धी विवरण ..... 48**
**जनप्रतिनिधिहरुको विवरण ..... 51**
**कर्मचारीहरुको विवरण ..... 53**

## गाउँपालिकाको परिचय

नेपालको संविधानको मूल मर्म अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको रुपमा आफ्नो अस्तित्वमा रहेका छन् । मिति २०७३।११।२७ नेपालको राजनैतिक विभाजन अन्तर्गत स्थानीय तह गठन भए सँगै गुल्मी जिल्लाकै ऐतिहासिह, धार्मिक, सांस्कृतिक र भौगोलिक महत्व बोकेको गुल्मीदरबार गाउँपालिका पनि ७५३ स्थानीय सरकार मध्येको आफ्नो छुट्टै पहिचान बोकेको एक स्थानीय सरकारको रुपमा स्थापना भएको छ । साविकको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलको गुल्मी जिल्लाका १२ स्थानीय तह मध्येको एक स्थानीय तह गुल्मीदरबार साविकका ६ वटा गाउँ विकास समितिहरु बलिथुम, जुभुङ, गौंडाकोट, विरवास, अमरअर्वाथोक, दरबारदेवीस्थानको संयोजन भई ७ वटा वडाहरुको स्थानीय तह बनेको छ।

## ऐतिहासिक पृष्ठभूमी

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट १३ कि.मि. को दुरिमा रहेको यस गुल्मीदरबार गाउँपालिकाको आफ्नो छुट्टै ऐतिहासिक पृष्ठभुमीरहेको छ । यस गाउँपालिकाको पश्चिम दक्षिण तर्फ ६ कि.मि. को दुरिमा ऐतिहासिक गुल्मीदरबार अबस्थित छ । सोहि स्थानको नामबाट गुल्मी जिल्लाको नाम र यस गाउँपालिकाको नाम रहन गएको हो । गुल्मीदरबार रहेको उक्त स्थानलाई गुल्मी चारपाला पनि भनिन्छ । सो दरबारको ३ तलामाथि इष्टदेबि ईश्वरीको मन्दिर छ,उनको पूजा शारदिय तथा बसन्त गरी २ पटक हुने गर्दछ ।यसै मन्दिरका कारणले यस क्षेत्र र गुल्मी जिल्ला प्रख्यात छ ।

इतिहास विद राजराम सुवेदीका अनुसार खास गुल्मी का राजाको राज्यस्थल चारपालालाई भनिन्थ्यो। हनुमान ढोकालाई काठमाडौं भनेजस्तै चारपाला इकाईलाई गुल्मी भनिएको हो । गुल्मी चारपालामा क्रमशः पाल्पाथोक, अर्बाथोक, गलामथोक तथा मुसिकोटथोक गरि ४ वटा पाला थिए भने यिनका अतिरिक्त उप्रिकोटथोक एउटा छुट्टै प्रशासनिक इकाई थियो। यसरी गुल्मीमा ९८ मौजा थिए भने प्रत्येक मौजामा जिम्मावाल र मुखियाले स्थानिय नेतृत्वको रुपमा काम गर्ने चलन थियो ।गुल्मी चारपाला दरबारमा राजाको बास हुन्थ्यो र त्यसैलाई गुल्मी राज्यको राजधानी भनिन्थ्यो ।

गुल्मीचारपाला अन्तर्गत पाल्पाथोकमा मेहेलडाडा,खोर्लेया,धरमपानी,जामुने,खिलु, गुरुमथुम, अमराइ, बेलपोखरा, धायरचौर, क्वादी, बगैचा, गाउचौर, बानपोखरा, फर्सवा, आपपाटा, कल्टुङ्ग,चतुरडाडा पर्दथे ।अमर अर्बाथोक अन्तर्गत कुन्थोक, डाडापोखरी, तल्लो हटिया, नेटाखर्क, हरिथुम, गाउचौर, बेग्र ,सिलथुम, तोस, गौरिपोखरी, रानाटोला, अडडाडा, ग्वालीनचौर, ढुग्रेरीपाखा, बाखे्र, अजर्याङ्गबास, चित्रेडाडा, नरम र चिस्तु पर्दथे । गलामथोक अन्तर्गत उपल्लो हटिया, दमाइटोल, काफलचौर, मेहेलडाडा, गैराखर्क, सल्लेरी, जोर्तेपोखरा, बगैचा, स्यालापानी, ढयाखर्क, तिर्तिरे, पिरिडाडा, चौका, कुबिण्डे रिपाहाटोल, रोहटेपानी, उखाप, लामीडाडा, कोलहर, चौर, डाव, घोर्ले, कल्लेरी, गौरादी, भलाचौर, सिवु, चनौपाटा, खर्सशारुटोल, अमलेखर्क, रिमी, बोटे र रुमाखर्क पर्दथे । मुसिकोटथोक अन्तरगत देउराली, चितपानी, बासडाडा, साजर, कारपाटा, बडडाडा, खोला, माझपोखरी, अर्खले, तोलुङ्ग, पेखनपोखरा, गौरादी, कुडापानी, गौडाकोट, काउले, ढावा, जैसिपोखरा, लामीडाडा, बजारमारे, डुम्रिपोखरा, खिर्तिप, ठूलाचौर, ठूलोपोखरा, उप्रीकोट, बाजाबारी, डोहोटा, सातघर, भुटुका, बिरबास, रुमाखर्क, बदरखुट्टा, दह, राजा, म्यालपोखरी, बौदी, कोलघर, राङ्गबास, खनियाबास, ठूलाखर्क, चिदिका

दौघा, खज्र्याङ्ग, मानकोट, धरमपानी, दुम्सीकोट, रिडी, वाङला, अर्घातोस, धैरेनी, ठूलापोखरा, केरुङ बल्कोट, मेहेलटुप्पा, हाँडिकोट, बडडाडा, घोर्ले, दुबिचौर, उर्लेनी, कल्लेरी, बसानी, तम्घास र अर्खले आदी पर्दथे ।

## भौगोलिक विभाजन र सिमाना

यस गुल्मीदरबार गाउँपालीकालाई साबिकको बलिथुम गा.वि.स. लाई वडा नं. १,जुभुङ्ग गा.वि.स. लाई वडा नं. २, गौडाकोट गा.वि.स. लाई वडा नं. ३,बिरबास गा.वि.स. लाई वडा नं. ४,अमरअर्बाथोक गा.वि.स. लाई वडा नं. ५, दरबारदेबिस्थान गा.वि.स.को साविकको वडा नं. ४,७,८ र ९ लाईसमेटेर वडा नं.६,र दरबारदेबिस्थान गा.वि.स. कै साविकका वडा नं. १,२,३, ५ र ६ लाई समेटर वडा नं.७ कायम गरी पालिकालाईजम्मासात वटा वडामा बिभाजन गरिएको छ । यसको पुर्व पट्टि रुद्रावति नदी, पश्चिमतर्फ बठोवा खोला र केदुवा खोला, उत्तरतर्फ रेसुङ्गाकोल साध र दक्षिणतर्फ बाख्रेखोला पर्दछन ।

**<u>गुल्मीदरबार गाउँपालिकाको राजनैतिक विभाजन तथा सिमाना</u>**

प्रदेश : लुम्बिनी

जिल्ला : गुल्मी

गाउँ कार्यपालिकाको कार्यालय : गौंडाकोट

वडा संख्या : ७

गाउँपालिकाको केन्द्र : गौडाकोट

भौगोलिक अवस्था तथा सिमाना

क्षेत्रफल : ७९.९९ वर्ग किलोमिटर

पूर्व : छत्रकोट र चन्द्रकोट गाउँपालिका

पश्चिम : रेसुङ्गा नगरपालिका

उत्तर : चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका

दक्षिण : छत्रकोट गाउँपालिका र अर्खाखाँची जिल्लाको छत्रदेव गाउँपालिका

## मुख्य जातजाती

यस गाउँपालिकामा बसोबास गर्ने मध्ये ब्राहमण/क्षेत्री र जनजातिको बाहुल्यता छ । त्यस बाहेक दलित र अन्य जातिकामानिस बसोबास गर्ने गर्दछन ।

| वडा नं. | ब्राहमण /क्षेत्री | जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|
| १ | ११७५ | २३६९ | ७६८ | ४३१२ |
| २ | २४९९ | ११९३ | ८२९ | ४५२१ |
| ३ | १४३६ | ९५७ | ५०० | २८९३ |
| ४ | २१०७ | २०४७ | ६४४ | ४७९८ |
| ५ | ७७९ | ८६३ | ५५९ | २२०१ |
| ६ | ११९४ | ७५६ | ५८५ | २५३५ |
| ७ | २०९१ | ११७७ | ९४२ | ४२१० |
| **जम्मा** | **११,४८६** | **८,९५५** | **५,०२७** | **२५,४६९** |



## जनसंख्या

२०७८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९,४१३ (१०,९२३ महिला र ८,४९० पुरुष) रहेको छ भने परिवार संख्या ५२८८ रहेको छ।

## दरवन्दी संरचना



**शाखागत कर्मचारीहरुको विवरण र कार्यविभाजन**

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १ | लक्ष्मण पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१२ | प्रमुख प्रशासकीय अधिकृत पद तथा कार्यालय प्रमुख पदले गर्ने भनी प्रचलित कानुनले सुम्पेको काम कर्तव्य र अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ र गुल्मीदरबार गाउँपालिकाको गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली तथा गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावलीले सुम्पेको काम कर्तव्य र अधिकार |
| २ | नारायण प्रसादअर्याल | अधिकृत छैठौं, स्वास्थ्य | ९८५७०८५२११ | स्वास्थ्य शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ३ | नवराज घिमिरे | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०९ | सामाजिक विकास शाखा प्रमुख भई सामाजिक विकाश शाखा अन्तर्गतका विभिन्न कार्यहरु प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही सम्पादन गर्ने । |
| ४ | टंक प्रसाद पन्थी | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०८ | योजना, प्रशासन शाखा प्रमुख भई कर्मचारी प्रशासन, योजना तथा अनुगमन सम्बन्धी प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्यहरु सम्पादन गर्ने |
| ९ | उजेलीदेवि पोखेल | अधिकृत छैठौं, पशु प्राविधिक | ९८५७०८५२१० | पशुपंक्षी विकाश शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही तोकिएका कार्यहरु सम्पादन गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १० | भविष्य अर्याल | अधिकृत छैठौं, लेखा | ९८५७०८५२१५ | आर्थिक प्रशासन शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही नियमानुसार लेखा सम्बन्धी काम गर्ने ,श्रेस्ता राख्ने,लेखापरीक्षण गराउने र बेरुजु फछ्यौंट सम्बन्धीका कार्यहरु गर्ने साथै प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने । |
| ६ | राजु अर्याल | ईन्जिनीयर,अधिकृत छैठौं | ९८५७०८५२१४ | पूर्वाधार विकास शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा गाउँपालिकाको पूर्वाधार निर्माण तथा समग्र विकास निर्माणसँग सम्बन्धित विभिन्न कार्यहरु गर्ने । |
| ७ | नरेन्द्र शर्मा | शाखा प्रमुख | ९८५७०८५२१३ | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही गाउँपालिकाको विद्यालय शिक्षा, आधारभूत तहको परीक्षा संचालन विद्यालय अनुगमन तथा मूल्याङ्कन लगायत शिक्षा तथा खेलकुद सम्बन्धी तोकिएका विभिन्न कार्यहरु सम्पादन गर्ने। |
| ८ | सुरेश खनाल | सूचना प्रविधि अधिकृत | ९८५७०७४४०० | सूचना प्रविधि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही विद्युतिय शुसासन लगायत गाउँपालिकाको सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने। |
| ९ | निर्मला पाण्डेय | रोजगार संयोजक | ९८६७०१४३०० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको TOR बमोजिमका विभिन्न |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | कार्यहरु प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन निगरानीमा सम्पादन गर्ने। |
| १० | आविश्कार खत्री | अधिकृत छैठौं, कृषि | ९८५७०८६२१२ | कृषि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही गाउँपालिकाको समग्र कृषि क्षेत्रको वृहत्तर हितको लागि कार्य गर्ने गराउने । |
| ११ | भिमसेन थापा | सहायक पाँचौं (प्रशासन) | ९८५७०६१७३२ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही प्रत्यायोजित अधिकार बमोजिम जिन्सी व्यवस्थापन, सामाग्री खरिद व्यवस्थापन लगायतका कार्यहरु सम्पादन गर्ने। |
| १२ | घनश्याम चुँदाली | वडा सचिव | ९८५७०८५२०४ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही ४ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १३ | खिम बहादुर कार्की | खा.पा.स.टे. पाँचौं | ९८५७०६७९६१ | प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र मातहतमा रही खानेपानी तथा पुर्वाधार विकास सम्बन्धी तोकिए बमोजिमका कार्य गर्ने। |
| १४ | तेजेन्द्र थापा | सहायक पाँचौं (लेखा) | ९८५७०६४०७८ | गाउँपालिकाको राजश्व आम्दानी सम्बन्धी कार्य गर्ने, दैनिक,साप्ताहिक तथा मासिक रुपमा राजश्व बैंक दाखिला गर्ने गराउने र प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही लेखा प्रमुखसँग समन्वय गरी पालिकाको आर्थिक प्रशासन सम्बन्धी विभिन्न कार्य गर्ने तथा ६ र ३ |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | नं. वडाको वडा सचिवको रुपमा कार्य गर्ने । |
| १५ | टेकराज गिरी | आ.ले.प.सहायक | ९८४४७४६१०६ | तोकिएको समयमा आन्तरिक लेखा परीक्षण गरी बेरुजु शून्य गराउन आवश्यक सहयोग गर्ने र गाउँपालिकामा आर्थिक अनुशासन कायम गर्ने तथा बेरुजू फछ्र्यौटको लागि आवश्यक प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्ने । |
| १६ | माया टण्डन | वडा सचिव | ९८५७०८५२०७ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही ५ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १७ | विक्रम बस्नेत | सव-इन्जिनियर | ९८५७०८९५२७ | पुर्वाधार विकास शाखामा रही शाखा प्रमुखसँगको समन्वयमा पूर्वाधार विकास, लगत स्टिमेट मूल्याङ्कन, प्राविधिक अनुगमन लगायतका विकास निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने साथै ७ नं. वडा कार्यालयको समेत प्रावधिक कार्य सम्पादन गर्ने । |
| १८ | रिक्त | सव-इन्जिनियर | | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने। |
| १९ | टुक बहादुर राना | कम्प्यूटर अपरेटर | ९८४७५९६३९३ | सूचना प्रविधि शाखामा रही सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी तथा अन्य तोकिएको जिम्मेवारी अनुसारका कार्यहरु सम्पादन गर्ने र प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | मातहतमा रही ७ नं. वडा सचिवको रुपमा समेत कार्य सम्पादन गर्ने । |
| २० | धाम बहादुर ढेंगा | एम.आइ.एस. अपरेटर | ९८५७०६४७२५ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही पन्जिकरण तथा सामाजिक सुरक्षा तर्फको तथ्याङ्क अभिलेखिकरण सम्बन्धीका कार्यहरु सम्पादन गर्ने । |
| २१ | रमेश खड्का | प्राविधिक सहायक | ९८४७१११४१७ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही रोजगार शाखा प्रमुखसँग समन्वय गरी रोजगार शाखा रोजगार सेवा केन्द्रमा रहि प्रधानमन्त्री रोजगार कार्यक्रमको प्राविधिक पक्षको कामकाज गर्ने तोकीए बमोजिम गर्ने साथै वडा नं ०३ को प्राविधिक भई कामकाज समेत गर्ने । |
| २२ | जग बहादुर सर्तुङ्गी | वडा सचिव | ९८५७०८५२०१ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही १ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २३ | रिक्त | वडा सचिव | ९८५७०८५२०३ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही ३ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २४ | रुम बहादुर गाहा | वडा सचिव | ९८५७०८५२०२ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही २ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २५ | रिक्त | असिस्टेन्टसब-इन्जिनियर | | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही विकास |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने। |
| २६ | रिक्त | असिस्टेन्टसब-इन्जिनियर | | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २७ | सागर सारु | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७४९६४७४ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही ५ र ६ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २८ | त्रिलोक प्रसाद यादव | सव-ईन्जिनियर | ९८६७१३२३९३ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही प्रत्यायोजित अधिकार बमोजिम भवन तथा आवास सम्बन्धी कार्य गर्ने। |
| २९ | प्रकाश थापा | सूचना सहायक | ९८५७०६४९६१ | प्रशासन योजना तथा अनुगमन शाखामा रही तोकिएको कार्य गर्ने र गाउँपालिकाको समग्र वस्तुस्थितिको सुक्ष्म सूचना संकलन गरि अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । |
| ३० | लिल बहादुर घर्ति | ना.कृ.प्राविधिक | ९८४५५९१६७४ | गाउँपालिकाको कृषि शाखामा रही प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कृषि शाखा प्रमुखसँग समन्वय गरी गाउँपालिकाको कृषि विकास सम्बन्धी प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने साथै १ र २ नं. वडा कार्यालयको कृषि प्राविधिक समेतको कार्य गर्ने । |
| ३१ | नारायण पन्थी | ना.प.स्वा.प्राविधिक | ९८५७०६७४०८ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही पशु शाखा प्रमुखसँग समन्वय गरी १ र २ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३२ | उद्धव प्रसाद न्यौपाने | ना.प.स्वा.प्राविधिक | ९८५७०३५७६० | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही पशु शाखा प्रमुखसँग समन्वय गरी ३ र ४ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३३ | जयहिमाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८४७५०७५३६ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही पशु शाखा प्रमुखसँग समन्वय गरी ६ र ७ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३४ | हरिप्रसाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८५७०३६१३१ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही पशु शाखा प्रमुखसँग समन्वय गरी ५ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३५ | नमुना गौतम | ना.कृ.प्राविधिक | ९८४०५९८६१३ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कृषि शाखा प्रमुखसँग समन्वय गरी ४ र ५ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३६ | सकुन्तला मल्ल शाही | ना.कृ.प्राविधिक | ९८६६४१२०६६ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कृषि शाखा प्रमुखसँग समन्वय गरी ६ र ७ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३७ | मोहन सिं तङ्नामी | सहायक कर्मचारी | ९८४७३५७४३१ | ५ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने । |
| ३८ | विनिता ज्ञवाली | फिल्ड सहायक | ९८४७४३२९५० | गाउँपालिकाको पन्जिकरण शाखामा रही पन्जिकरण सम्बन्धिका विभिन्न कार्यहरु गर्ने तथा गाउँपालिकाको सहायता कक्षबाट नागरिकलाई सेवाप्रवाहको लागि तोकिएको जिम्मेवारी अनुसार कार्य गर्ने । |
| ३९ | भुपाल खत्री | अ.सव.इन्जिनियर | ९८६७५८२७५५ | प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको मातहतमा रही ४ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| ४० | अमर बहादुर पल्ली | खेलकुद शिक्षक | ९८६७७३८८८५ | शिक्षा युवा तथा खेलकुद शाखामा रही विद्यालयस्तर र समग्र गाउँपालिकामा खेलकुद सम्बन्धी विभिन्न प्रशिक्षण दिने कार्य गर्ने । |
| ४१ | मित्रलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४७१०६५१२ | गाउँ कार्यपालिकाको कार्यालयमा रही सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४२ | ओम बहादुर रजाली | कार्यालय सहयोगी | ९८४७४४२८१४ | ४ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४३ | गोविन्द थापा | हलुका सवारी चालक | ९८४४७७०९८६ | सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ४४ | महेन्द्र कार्की | ह.स.चा.(एम्बुलेन्स चालक) | ९८४७२३२८८८ | गाउँपालिकाको एम्बुलेन्स संचालन सम्बन्धी कार्य गर्ने |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| ४५ | टोपलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४३८६०८६२ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४६ | चोलाकान्त पौडेल | कार्यालय सहयोगी | ९८४७३९२८३५ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४७ | गोमा खत्री | कार्यालय सहयोगी | ९८४०४७५७४५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४८ | माया कुमारी राकस | कार्यालय सहयोगी | ९८६२९०८०५८ | १ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४९ | समुन्द्र प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७४५३८७७ | २ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५० | नैना थापा | कार्यालय सहयोगी | ९७४७०६०६४६ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५१ | अर्जुन वि.क. | कार्यालय सहयोगी | ९८६७९२८०१८ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५२ | शान्ता गिरी | कार्यालय सहयोगी | ९८४७३५८८५२ | ५ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५३ | दिनेश प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७३५७६६८ | ६ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५४ | निरु खत्री | कार्यालय सहयोगी | ९८४४०९०४६९ | ७ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

## अन्य कर्मचारी विवरण

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १. | श्री खिमबहादुर थापा | शिक्षक | ९८६७२६२८७४ | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही शिक्षा शाखा अन्तर्गत |

| अन्य कर्मचारी विवरण | | | | |
|---|---|---|---|---|
| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
| | | | | रही तोकिएको कामकाज गर्ने गराउने। |
| २. | श्री महेन्द्र परियार | उद्यम विकास सहजकर्ता | ९८४७५८३००० | प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही गाउँपालिकामा संचालन हुने लघुउद्यम विकास अर्न्तगत लघुउद्यमी सिर्जना गर्ने तालिम संचालन गर्न लगाएतका अन्य तोकिएका कार्य गर्ने |
| ३. | श्री भगवती थापा | उद्यम विकास सहयोगी | ९८४७०४०४०० | |
| सल्लाहकार | | | | |
| १. | श्री नविन कार्की | प्रेस सल्लाहकार | ९८४१६४८२७२ | गाउँपालिका विभिन्न गतिविधिहरुको सूचनाहरु आम नागरिक तथा मिडीयामा सम्प्रेषण गर्ने र गाउँपालिकालाई आवश्यक्तानुसार सल्लाह सुझाव उपलब्ध गराउने । |

# सम्पादन भएका मुख्य क्रियाकलापहरु

## सुशासन तथा सेवा प्रवाह

### १. स्थानीय तहमा सुशासन प्रबर्द्धन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न

स्थानीय तहमा सुशासन प्रवर्द्धनका लागि गुल्मीदरबार गाउँपालिकाको सहयोग तथा भ्रष्टचार विरुद्धको नागरिक निगरानी संस्था गुल्मीको आयोजनामा गुल्मीदरबार गाउँपालिकाबाट शुसासन र सेवा प्रवाहको समग्र स्थितिको बारेमा अन्तरक्रिया कार्यक्रम मिति २०७८।१२।२४ मा सम्पन्न भयो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी पूण्य विक्रम पौडेलले सुशासन र भष्ट्रचार नियन्त्रण विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो, साथै संस्थाको अध्यक्ष पदमप्रसाद पाण्डेले भष्ट्रचार नियन्त्रण तथा भष्ट्रचार सम्बन्धमा गुल्मी जिल्लाको समग्र अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो, कार्यक्रममा गुल्मीदरबार गाउँपालिकाबाट आ.व. ०७७/०७८ देखि हालसम्म सुशासन,सेवा प्रवाहमा गाउँपालिकाबाट सम्पादन भएका विभिन्न कृयाकलापहरूको बारेमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले प्रस्तुती गर्नु भएको थियो । कार्यक्रम सुशासन र सेवा प्रवाहमा गुल्मीदरबार गाउँपालिका अब्बल रहेकोमा उपस्थित सबैले गाउँ कार्यपालिकाको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नु भयो ।






### २. सेवाग्राहीहरुलाई सहजिकरण

गाउँपालिकाको कार्यालयमा सेवाग्राहीको काममा सहजिकरणका लागि सहायता कक्ष संचालन गरि नि:शुल्क निवेदन, कार्यप्रकृयाको बारेमा जानकारी दिने व्यवस्था निरन्तर संचालन गरिएको छ।

### ३. अनुगमन तथा निरीक्षण

आ.व. २०७८/७९ मा संचालन भएका विभिन्न योजनहरुको गुणस्तरीयता, प्रभाकारीता र समयमै सम्पन्न गराउन गाउँपालिकाबाट नियमित रुपमा अनुगमन निरीक्षणको व्यवस्था मिलाईएको छ । साथै गाउँ कार्यपालिका कार्यालय अर्न्तगतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुको नियमित रुपमा अनुगमन निरीक्षण गरि नागरिक केन्द्रित सेवा प्रवाहको लागि आवश्यक निर्देशन दिने गरिएको ।

### ४. स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरीको व्यवस्था

गाउँपालिकामा सुशासन कायम गर्न तथा कर्मचारीको नियमितताको लागि वडा कार्यालयहरु पछि स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिरी जडान गरिएको छ ।

### ५. कर्मचारीको विदाई कार्यक्रम सम्पन्न।




गुल्मीदरबार गाउँपालिकामा कार्यरत देहाय बमोजिमका कर्मचारिहरुलाई फेरी भेटौलाको अपेक्षा सहित समायोजन मिलान पश्चात रमाना पत्र र मायाको चिनो प्रदान गर्दै गुल्मीदरबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे। गुल्मीदरबार गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन र पूर्वाधार विकासमा पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन सहित गाउँपालिकाले सम्मान प्रकट गर्दै उहाँहरूको उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गरेको छ।

कर्मचारी विवरण

अ.न.मी. ईन्दु पाण्डे
अ.न.मी. मनिषा पन्थी
अ.सव. ईन्जिनियर विरेन्द्र टण्डन





### ६. नवनियुक्त कर्मचारीहरुलाई स्वागत।




गुल्मीदरबार गाउँपालिकामा रिक्त रहेका पदमा करार नियुक्तिको लागि आव्हान गरिएको दरखास्त बमोजिम छनौट भएका नव नियुक्त स्वास्थ्यकर्मीहरुलाई कार्यालयमा स्वागत गरि आ-आफ्नो कार्यालयमा रमाना दिने कार्यक्रम सम्पन्न भयो ।

## पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

**१. Road Safety Barrier को निर्माण कार्य सम्पन्न**

गुल्मीदरबार तम्घास-घुम्ति-गौडाकोट सडक खण्ड अन्तर्गत घुम्तिमा गत वर्ष पहिरो गई बाटो भासिएको हुँदा सडकको किनारा अत्यन्त जोखिम रहेको र दुर्घटना हुन सक्ने सम्भावित स्थान पनि रहेको हुँदा गुल्मीदरबार गाउँपालिकाले उक्त सडकमा दुर्घटना हुन बाट रोक्नको लागि Road Safety Barrier लगाउने कार्य सम्पन्न गरेको छ ।



**२. १५ शैयाको अस्पताल निर्माण**

गुल्मीदरबार गाउँपालिकालाई सुखी र समृद्ध गाउँपालिका बनाउने अभियान अन्तर्गत गाउँपालिकाको वडा नं. ३ को धुरेल डाँडामा १५ शैयाको अस्पताल निर्माण कार्य भैरहेको छ । हाल उक्त अस्पतालको दोस्रो तला ढलान समेत सम्पन्न भई तोकिएको समयमा अस्पताल निर्माण गरी आम नागरिकलाई सर्वसुलभ गुणस्तीय स्वास्थ्य सेवा उपलब्ध गराउने गाउँपालिकाको योजना रहेको छ ।

**३. स्वास्थ्य चौकी भवन र खानेपानी योजना उद्घाटन**

गुल्मीदरबार गाउँपालिकाको वडा नं. ६ को बढ्वा खोला लिफ्ट खानेपानी योजना र वडा नं. ५ को अमरअर्बाथोक स्वास्थ्य चौकी भवन आज मिति २०७८/१२/१९ गते संविधान सभा सदस्य डा.





चन्द्रकान्त भण्डारीज्यूबाट समुद्घाटन सम्पन्न भयो । आयोजना सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

१. बढ्वा खोला लिफ्ट खानेपानी

- गुल्मीदरबार गाउँपालिका रू १ करोड ७१ लाख ८ हजार १ सय ३५ रूपैया लागत रकमको व्यवस्थापन गरिएको ।
- कूल १७० घरपरिवार एक घर एक धारा कार्यक्रम मार्फत जोडिएका
- निर्माण सुरू आ.व. ०७५/०७६

२. अमरअर्बाथोक स्वास्थ्य चौकी

- लागत स्टिमेट: १ करोड ९६ लाख ४४ हजार ५६
- टेण्डर मार्फत लागत रकम १ करोड ३२ लाख ६२ हजार ३ सय ३०

- निर्माण सुरू २०७७/०९/०६
- निर्माण सम्पन्न २०७८/११/१५





## सामाजिक तथा आर्थिक विकास

### १. सहकारी संस्था सुदृढीकरणको लागि कार्यक्रम सम्झौता

गुल्मीदरबार गाउँपालिका र नेफ्स्कुन बीच गुल्मीदरबार गाउँपालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्ने उद्देश्यले सहकारी संस्थाहरूको सुदृढिकरण र आधारशिला कार्यक्रमको लागि लागत साझेदारीमा कार्यक्रम संचालन सम्झौता मिति ०७९।०१।०८ गते सम्पन्न भयो ।



### २. महिला नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न

महिला सशक्तिकरण मार्फत समुदायमा जनचेतना अभिवृद्धि गर्दै महिलाहरुको सक्षम नेतृत्वको विकास गर्दै समुन्नत समाजको लागि महिला नेतृत्व विकास सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम मिति २०७८।१२।१६ गते देखि मिति २०७८/१२/१८ गते संचालन गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका सात वटै वडाका महिलाहरूको प्रतिनिधित्व रहेको थियो ।



### ३. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन

गुल्मीदरबार गाउँपालिमामा मिति २०७८ माघ १५ देखि १०० दिने रोजगार कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममो लागि खटिने नागरिकलाई आफ्नो जिम्मेवारी र कर्तव्यको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरी ड्रेसकोड, सेफ्टी हेलमेट र आवश्यक औजारहरु वितरण गरिएको थियो ।



# शिक्षा तथा खेलकुद

## १. वार्षिक परीक्षा संचालन

गुल्मीदरबार गाउँपालिकामा संचालन भएका विद्यालयहरुको वार्षिक परीक्षा साथै कक्षा ५ र ८ को पालिकास्तरीय वार्षिक परीक्षा कार्यक्रम मिति २०७८।१२।२७ गते देखि संचालन भई ०७९ बैशाख ७ गते सम्पन्न भयो । परीक्षाको प्रश्नपत्र गाउँपालिकाबाट निर्माण गरी पालीकास्तरीय परीक्षाको उत्तरपुस्तिका गाउँपालिकाबाट परीक्षण गरी नतिजा प्रकाशन गर्ने कार्य भैरहेको छ ।

## २. SEE परीक्षा संचालनको तयारी पूरा

मिति २०७९।०१।०९ गते देखि संचालन हुने २०७८ सालको SEE परीक्षा व्यवस्थित र मर्यादित रुपमा संचालन गर्ने गरि तयारी भैरहेको छ। गुल्मीदरबार गाउँपालिकामा रहेको एकमात्र परीक्षा केन्द्र इश्वरी मा.वि. मा नियमित रुपमा गाउँपालिकाको तर्फबाट का.वा. अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायतको अधिकृत टोलीबाट परीक्षाको अनुगमन हुने व्यवस्था मिलाइएको छ। परीक्षामा सम्मिलित हुनुहुने सम्पूर्ण भाईबहिनीहरुलाई सफलताको सुभकामना व्यक्त गर्दछौं।

## ३. विद्यार्थीसँग गाउँपालिका कार्यक्रमको सुरुवात

गुल्मीदरबार गाउँपालिकाको विद्यार्थीसँग गाउँपालिका कार्यक्रम अन्तर्गत मिति २०७८/१२/१८ गते श्री ईश्वरी माध्यमिक विद्यालय चारपालामा कक्षा ९ का विद्यार्थीसँग अन्तरक्रिया प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरुमा फरक किसिमको ज्ञान प्रदान गर्ने रहेको छ । यो कार्यक्रम आगामी दिनमा पालिकाभित्रका अन्य विद्यालयमा समेत क्रमशः सञ्चालन गर्ने गाउँपालिकाको योजना छ। प्रशिक्षण देहायका विषयहरूमा दिईएको थियो:

- उपभोक्ताहक र खाद्य सुरक्षा,
- शुसासन, सेवा प्रवाह,
- समाज र सरकार,
- विद्युतीय सुशासन,
- भ्रष्टचार
- घरेलु तथा लैङ्गिक हिंसा
- सूचना प्रविधि र यसको महत्व
- साईबर क्राईम






## ४. गाउँपालिकाको समग्र शैक्षिक अवस्था

### विद्यालयको विवरण :

| क.सं | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | वालविकास | ४२ | ० | ४२ |
| २. | प्राथमिक (१-५) | १४ | ० | १४ |
| ३. | नि.मा.वि (६-८) | ४ | ० | ४ |
| ४. | मा.वि . (९-१०) | ४ | २ | ६ |
| ५. | मा.वि (११-१२) | ६ | ० | ६ |
| | जम्मा | ७० | २ | ७२ |

### शिक्षकको विवरण:

| क.सं | विवरण | दरबन्दी | राहत /अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ३३ | | | |
| २. | प्राथमिक | १०५ | १८ | १२३ | |
| ३. | नि.मा.वि | १९ | १४ | ३३ | |
| ४. | मा.वि . (९-१०) | १३ | १० | २३ | |
| ५. | मा.वि (११-१२) | ४ | २ | ६ | |
| ६ | प्राविधिक धार तर्फका | ४ | ० | ४ | |

### विद्यार्थी विवरण :

| क.सं | विवरण | छात्रा | छात्र | जम्मा | दलित |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ४२१ | ४२१ | ८४२ | १३६ |
| २. | प्राथमिक | १०२६ | १२२४ | २२५० | ४०२ |
| ३. | नि.मा.वि | ५६२ | ६३५ | ११९७ | १९९ |
| ४. | मा.वि . (९-१०) | ३४६ | ३४१ | ६८७ | १२३ |
| ५. | मा.वि (११-१२) | २७३ | १५८ | ४३१ | ५८ |
| ६ | प्राविधिक धार तर्फका | १३ | १६ | २९ | ४ |

## स्वास्थ्य

### १. पूर्ण खोप दिवश २०७८ कार्यक्रम सम्पन्न






कोभिड १९ विरुद्धको खोप १२ वर्ष माथिका गुल्मीदरबारका सम्पूर्ण नागरिकहरूलाई उपलब्ध गराई कोभिड १९ पूर्ण खोप सुनिश्चित गाउँपालिका तथा अन्य खोप सेवाहरू समेतको उपलब्धताको आधारमा गुल्मीदरबार गाउँपालिका मिति २०७७/१२/३० गते पूर्ण खोप सुनिश्चित गाउँपालिका भएको छ, यो कार्यको लागि योगदान पुर्याउनु हुने नागरिक समाज, राजनीतिक दल, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवीका, संचारकर्मी, शिक्षक तथा कर्मचारी लगायत सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

### २. २४ औ स्वास्थ्य सेवा दिवश कार्यक्रम सम्पन्न

गुणस्तरीय स्वास्थ्य सेवा ; हाम्रो प्रतिवद्धता भन्ने मुल नारा सहित २४ औं स्वास्थ्य सेवा दिवश कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा गर्भवती महिलाहरुलाई नाङ्लोमा पोषिलो कोसेली उपहार दिने कार्यक्रम





सहित स्वास्थ्य आमा समूह पुनर्जागरण अभियानको शुभारम्भ वडा न १ बलिथुमबाट शुभारम्भ गरिएको थियो । कार्यक्रम वडाध्यक्ष राम बहादुर पल्लीको अध्यक्ष, गाउँपालिकाको का.वा. अध्यक्ष मीना भण्डारीको प्रमुख आतिथ्यता, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेको विशेष आतिथ्यता र स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद अर्यालको संचालन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि र विशेष अतिथिले गाउँपालिकाको सम्पूर्ण स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेवीका र स्वास्थ्य आमा समूहले समूदाय सचेतनाको लागि गरेको कार्यको उच्च प्रशंसा गर्दै उहाँहरूको उच्च मनोवल राख्न गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

# सूचना प्रविधि तथा विद्युत्तिय सुशासन

## १. कार्यालयको वेभसाईट, सामाजिक संजाल, मोबाईल एप्स, SMS प्रणाली सञ्चालन तथा अध्यावधिक








गाउँपालिकाबाट सम्पादन भएका हरेक कृयाकलापहरुलाई दैनिक रुपमा कार्यालयको सामाजिक संजाल, वेभसाईट र मोबाईल एप्समा सूचना तथा जानकारीहरु अध्यावधिक गराई नागरिक र आम सरोकारको सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गरिएको ।

## २. राजश्व संकलनमा अनलाईन राज्श्व संकलन प्रणाली को प्रयोग

गुल्मीदरबार गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा कार्यपालिकाको कार्यालयमा राजश्व संकलन प्रणाली जडान गरि संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र राजश्वको






वास्तविक प्रक्षेपणमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ।जुनसुकै समयमा राजश्वको तात्कालिन अवस्था सजिलै प्राप्त गर्न सकिन्छ। करदाताले आफूले तिरेको करको विवरण तुरुन्तै आफ्नो मोबाईलमा SMS मार्फत प्राप्त गर्नु यसको अर्को विशेषता हो।

## ३. अनलाईनमा आधारित जिन्सी सफ्टवेयरको प्रयोगबाट जिन्सी शाखाको व्यवस्थापन




जिन्सी व्यवस्थापन प्रणालीको माध्यमबाट गुल्मीदरबार गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सम्पूर्ण विषयगत शाखाहरु तथा कार्यपालिकाको कार्यालयमा जिन्सी सम्बन्धी सम्पूर्ण कार्यहरुको अभिलेखिकरण, मागसंग सम्बन्धित गतिविधीहरु ईन्टरनेटको माध्यमबाट व्यवस्थापन गर्ने उद्धेश्यले जिन्सी व्यवस्थापन प्रणाली संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र जिन्सी सामानहरुको वास्तविक प्रक्षेपणमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ।जुनसुकै समयमा जिन्सीको तात्कालिन अवस्था सजिलै प्राप्त गर्न सकिन्छ।

### ३. अनलाईनमा आधारित मानव संशाधन प्रणालीको प्रयोग

गुल्मीदरबार गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको समग्र व्यवस्थापन, नियन्त्रण तथा अभिलेखिकरणका लागी अनलाईनमा आधारित मानव संशाधन प्रणाली जडान गरि संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र कर्मचारीको नियमित उपस्थिती र कार्यसम्पादनको मूल्याङ्कनमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ। कार्यालयमा बिगत २ वर्षदेखि नै हस्तलिखित हाजिरी रजिष्टर प्रयोगमा ल्याईएको छैन।




## फागुन र चैत्र महिनामा भएका कार्यपालिकाका निर्णयहरु

# मिति २०७८/११/२० गतेको पन्ध्रौं गाउँ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णयहरु**

१५.१ गाउँ कार्यपालिकाबाट यस अघिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको विषयमा समीक्षा गरियो । निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

१५.२ गुल्मीदरबार गाउँपालिका र हेफर प्रोजेक्ट नेपालसँगको लागत साझेदारीमा संचालन हुने गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सम्झौता भएको हुँदा सम्झौता बमोजिम कृषि तथा पशु विकास परियोजना गुल्मीदरबार गाउँपालिकामा सञ्चाल भएको सो अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको बारेमा छलफल तथा जानकारी लिइयो ।

१५.३ गुल्मीदरबार गाउँपालिकामा आ.व.२०७८/०७९ मा किसान सूचिकरण कार्यक्रम संचालन गर्न सशर्त अनुदानबाट प्राप्त रकमबाट नपुग हुने हुँदा नपुग रकम गाउँपालिकाको तथ्याङ्क संकलन कार्यक्रमबाट खर्च गर्ने गरी सबै वडाहरुमा किसान सूचिकरण कार्यक्रम संचालन गरी गाउँपालिकाको कृषि प्रोफाइल तयार गर्ने ।

१५.४ गुल्मीदरबार गाउँपालिकाको वडा नं. ३ गौडाकोट धुरेलडाँडामा १५ शैयाको आधारभूत अस्पताल निर्माणको लागि योजना स्वीकृत भई रकम समेत विनियोजन भएको हुँदा अस्पताल निर्माण कार्य संचालन भैरहेको छ । आ.व.२०७८/०७९ रु. २,५०,००,०००।- विनियोजन भएको रकमको कार्य प्रगतीको आधारमा रु. २,४९,१०,०००।- रकम भुक्तानी भैसकेको हुँदा भवन निर्माण कार्यलाई तिब्रता दिई समयमै सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउन यो आ.व. को लागि नपुग हुने रकम रु.३,००,००,०००।- (तीन करोड ) थप रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने ।

१५.५ गुल्मीदरबार गाउँपालिकामा रहेका भूमिहिन दलित र अव्यवस्थित जग्गालाई व्यवस्थित गर्नको कार्यक्रम सञ्चालन गर्न लागि राष्ट्रिय भूमी आयोग र गुल्मीदरबार गाउँपालिका बिच सम्झौता गरी कार्य अगाडि बढाउने ।

१५.६ गुल्मीदरबार गाउँपालिकामा राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद सञ्चालनको लागि संघीय सरकारबाट रु. १०००००।- विनियोजन भएकोमा सो रकम अपुग हुने भएकोले रु. ५००००।- अध्यक्ष कप खेलकुद शिर्षकबाट थप गरि उपयुक्त समयमा सञ्चालन गर्ने ।

१५.७ अन्तर्पालिका खेलकुद कार्यक्रममा स्याङ्गजामा भाग लिन गएका सहभागीहरुको भुक्तानी दिन बाँकी रकम रु. ४७,२४५।- कार्यक्रम खर्च शिर्षकमा रहेको रकमबाट भुक्तानी गर्ने ।

१५.८ गुल्मीदरबार गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई गुल्मीदरबार गाउँपालिकाको पहिचान सहितको परिचय पत्र उपलब्ध गराउने । परिचय पत्रको फिता जनप्रतिनिधिहरुको लागि हरियो, कर्मचारीहरुको लागि निलो र विद्यालयका शिक्षक कर्मचारीहरुको लागि पहेंलो रङको प्रयोग

गर्ने । विद्यालयका शिक्षक तथा कर्मचारीहरुको लागि परिचय पत्र उपलब्ध गराउँदा खर्च हुने रकम कार्यालय सामान शिर्षकबाट गर्ने ।

१५.९ आ.व. ०७८/०७९ को डकुमेन्ट्रि निर्माण गर्ने कार्यक्रम अनुसार स्थानीय तहको निर्वाचन भए पश्चात हालसम्म भएका विकास निर्माण लगायतका सम्पूर्ण कार्यक्रमहरु समेटेर गुल्मीदरबार दर्पण नामको गाउँपालिकाको डकुमेन्ट्रि र गुल्मीदरबार दर्पण नामक पुस्तिका प्रशासन गर्ने ।

१५.१० ६ नं. वडा कार्यालय भवन निर्माणको लागि वडाबाट छनौट भएको स्थानको जग्गा वन क्षेत्रमा पर्ने भनि निवेदन पेश भएको हुँदा उक्त जग्गा वन क्षेत्रमा पर्ने नपर्ने एकिन गर्नको लागि नापी कार्यालय गुल्मीमा एक जना अमिन खटाउन अनुरोध गर्ने र जग्गाको एकिन पश्चात उपयुक्त स्थानमा भवन निर्माणको प्रक्रिया अगाडी बढाउने ।

१५.११ गरिवी निवारणको लागि गाउँपालिकामा संचालन भएको लघु उद्यमीहरुको लागि प्रयोग हुने गरी सबैको पायक पर्ने र बाटोको पहुँच भएको स्थानमा साझा सुविधा केन्द्रको स्थापना गर्न गुल्मीदरबार गाउँपालिकाको वडा नं. ३ मा रहेको पुरानो स्वास्थ्य चौकीलाई मर्मत संभार गरी साझासुविधा केन्द्र निर्माण गर्ने ।

१५.१२ गुल्मीदरबार गाउँपालिका वडा नं. ४ को दाँत टोल झाँक्रीपानी मोटर बाटो निर्माणको लागि आवश्यक रकम रु. १ लाख ५० हजार भैपरी पूँजीगत खर्च शिर्षकबाट उपलब्ध गराउने ।

१५.१३ गुल्मीदरबार गाउँपालिका वडा नं. १ बलिथुम नेटामा रहेको शिवालय मन्दिर संरक्षणको लागि आवश्यक रकम रु.१०००००।— विपद् कोषबाट उपलब्ध गराउने ।

१५.१४ गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा पर्ने खुमलटारी सिंचाईको लागि सिंचाइ विकास डिभिजन कार्यालयबाट ४ करोड ८२ लाखको बोलपत्र आव्हान भएकोमा उक्त रकमको ०.५% ले हुने रकम रु.२४२०००।— कृषकहरुको माग तथा वडा कार्यालयको सिफारिस अनुसार उपलब्ध गराउने ।

१५.१५ फागुन २४ गते अन्तराष्ट्रिय नारी दिवश यस गाउँपालिकाको सबै वडाहरुमा प्रभावकारी रुपमा संचालन गर्न प्रत्येक वडाको लागि रु. १५/१५ हजारका दरले कार्यक्रम खर्च शिर्षकबाट बिल भरपाई र कार्यक्रम संचालनका फोटोहरु संलग्न गरी भुक्तानी दिने ।

१५.१६ सम्पूर्ण वर्ग र जातिको समतामूलक तथा समुदायमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्न नेपाल मगर संघ गुल्मीदरबार गाउँपालिकालाई रु.१ लाख ५० हजार रकम लक्षित कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने ।

१५.१७ गाउँपालिकाको सबै वडाहरुमा लागुऔषध दुर्व्यसनी विरुद्धको कार्यक्रम सञ्चालनको लागि हाम्रो विकास अभियान नेपाल गुल्मीलाई रु. १ लाख १० हजार रकम कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१५.१८ गुल्मीदरबार गाउँपालिका वडा नं. ६ मा रहेको चारपाला फ्रेण्डस क्लवको कार्यालय व्यवस्थापनको लागि रु. ५० हजार बराबरको खेलकुद सामाग्रीहरु अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने

१५.१९ गुल्मीदरबार गाउँपालिका वडा नं. ३ निवासी विष्णु बहादुर थापाको वंगुर गोठबाट वंगुर चोरी भइ करिव रु.४ लाख ५० हजार बराबरको क्षति भएको भनी निवेदन र वडा कार्यालयको सिफारिस समेत प्राप्त भएको हुँदा निजलाई राहत स्वरुप रु.१५ हजार आर्थिक सहायता उपलब्ध गराउने ।

१५.२० गुल्मीदरबार गाउँपालिका वडा नं. २ निवासी भुवन बहादुर खड्काको कुखुराको खोरमा जंगली जनावरले करिब १५० कुखुराहरु मारी क्षति भएको हुँदा निजलाई राहत स्वरुप रु. १५ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१५.२१ गुल्मीदरबार गाउँपालिका वडा नं. ५ मा रहेको नव सिर्जनशिल आमा समूह सञ्चालनको लागि रु. ५० हजार लक्षित कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१५.२२ गुल्मीदरबार गाउँपालिका वडा नं. ४ मा रहेको मनकामना आमा समूह तारबारको लागि रु. ५० हजार रकम उपलब्ध गराउने ।

१५.२३ गाउँ कार्यपालिकाको कार्यालयबाट अघिल्लो महिना देखि हाल सम्म भए गरेका देहाय बमोजिमका गतिविधि तथा सेवा प्रवाहको बारेमा कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेबाट बैठकमा जानकारी तथा छलफल भयो ।

- गुल्मीदरबार गाउँपालिक वडा नं. ६ मा अवस्थि श्री ईश्वरी मा.वि.को १६ कोठे भवन निर्माणको लागि बोलपत्र आव्हान भएको विषय
- नेटा टापु वडा कार्यालय रैनादी मोटर बाटोको लागि भएको बोलपत्रबाट बचेको रकमबाट उक्त बाटोको खण्ड मजुवा डल्ली खोला रैनादी अर्दी धारापनी खण्डमा काम गर्नको लागि बोलत्रप आव्हान भएको
- ढुङ्गा, गिट्टी, बालुवाको बोलपत्र आव्हान भएको
- गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका हे.अ., अ.हे.व. र अ.न.मी. तथा गाउँपालिकामा रिक्त रहेको असिस्टेन्ट सब-ईन्जिनियर पदमा करारमा पदपूर्ति गरिएको
- मतदाता नामावली दाबी विरोध तथा अध्यावधिक सम्बन्धमा निर्वाचन आयोगको कार्यक्रम
- विभिन्न वडाका हिलटयाङ्क, तारजाली र पाइप खरिद प्रक्रिया अगाडी बढेको
- विभिन्न योजनाहरुको अनुगमन तथा निरीक्षण र रकम भुक्तानी सम्बन्धमा

१५.२४ गुल्मीदरबार गाउँपालिकाको सुशासन प्रबर्द्धन सम्बन्धी विषयमा अन्तर्कृया कार्यक्रम सञ्चालनको लागि भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था गुल्मीले कार्यक्रमको प्रस्ताव पेश गरेको हुँदा उक्त कार्यक्रम

सञ्चालनको लागि कार्यक्रम खर्च शिर्षकबाट रु.१०००००।— बिल भरपाईका आधारमा उपलब्ध गराउने ।

१५.२५ विभिन्न निकायबाट प्राप्त परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भई छलफल भयो । परिपत्र तथा निर्देशन बमोजिम कार्य सम्पादन गर्ने गराउने ।

## मिति २०७८/१२/०४ गतेको सोह्रौ गाउँ कार्यपालिका बैठकका निर्णयहरु

**१६.१** गाउँ कार्यपालिकाबाट यस अघिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको विषयमा समिक्षा गरियो । निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**१६.२** गुल्मीदरबार गाउँपालिका तपशिलका वडा कार्यालयहरुबाट सिफारिस भइ आएका अति विपन्न र आर्थिक अवस्था अति कमजोर भएका नागरिकहरुको औषधी उपचारको लागि तथा विपद्मा परेका नागरिकहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।

तपशिल:

१. भिमलाल पौड्याल गुल्मीदरबार-४ ,गुल्मी घरमाथिबाट पहिरो नियन्त्रणको लागि रु.१२०००।-

२. थमन कुमारी रजाली गुल्मीदरबार-४, गुल्मी उपचारकोलागि रु.१२०००।-

३. इन्द्रकुमारी सर्तुङ्गी गुल्मीदरबार-१, गुल्मी उपचारको लागि रु.१२०००।-

४. जिवलाल रेश्मी गुल्मीदरबार-१, गुल्मी उपचारको लागि रु. १२०००।-

**१६.३** आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम अनुसार खेलाडिसँग गाउँपालिका कार्यक्रम अन्तर्गत खेलाडिहरुलाई खेलप्रति उत्प्रेरित गराई खेलाडिको मनोवल उच्च राख्न गुल्मीदरबार गाउँपालिका वडा नं. ४ मा रहेको रुन्खा कराँते डोजोका खेलाडीहरु कराँते खेलको लागि बुटवलमा जाँदा आउँदा र बस्ने खाने खर्च वापतको रकम रु. ४००००।-(चालिस हजार) बिल भरपाईका आधारमा कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने ।

**१६.४** गुल्मीदरबार गाउँपालिकामा आ.व.२०७८/०७९ मा किसान सूचिकरण कार्यक्रम सञ्चालनको लागि १०(दश) जना सहजकर्ता(गणक) नियुक्तिको लागि विज्ञापन गर्ने र ७ नं. वडा कार्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदमा १(एक) जनाको विज्ञापन गरी कर्मचारी छनौट प्रकृया अगाडि बढाउने ।

**१६.५** गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को कार्यालयमा कार्यरत सहायक कर्मचारी भेषविक्रम घिमिरे खत्रीको मिति २०७८/१०/०७ गते कार्यालयको कामकाजमा आउने क्रममा हृदयघातको कारण असमायीक

मृत्यु भएको हुँदा निजलाई ४(चार) महिनाको तलब भत्ता बराबरको सुविधा निजको श्रीमती निरु खत्रीलाई तलब भत्ता शिर्षकबाट उपलब्ध गराउने ।

**१६.६** सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौको च.नं. ९५० मिति २०७८/११/११ को पत्र बमोजिम सडक मर्मत संभार कार्यक्रमका लागि ब.उ.शि.नं.३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०७८/११/०६ को निर्णयानुसार यस गाउँपालिकाको लागि रु.२४ लाख विनियोजना भएको सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शनको पालना गर्दै यस कार्यालयबाट सडकबोर्ड नियमावली २०६० परिच्छेद(३) नियम (९)बमोजिम व्यहोर्नु पर्ने २०% ले हुने रु. ४ लाख ८० हजार समपूरक कोषको रुपमा व्यहोर्ने गरी जम्मा रु.२८ लाख ८० हजार बाट सडक बोर्ड निर्देशिका, २०६१ को परिच्छेद (२) को बुँदा ४ बमोजिम यस गाउँपालिकाको खर्ज्याङ्ग-दरबार-घुम्टि-गौंडाकोट-जुभुङ्ग-मजुवा सडक र बाखेवीरबास जुभुङ्ग सडक मर्मत संभारका लागि छनौट गर्ने र उक्त सडक मर्मत संभारका लागि गाउँपालिकाले व्यहोर्नु पर्ने २०% ले हुने समपूरक कोषको रकम रु.४८००००।–(चार लाख असी हजार) को गाउँपालिकाले बजेट सुनिश्चि समेत गर्ने ।

**१६.७** गुल्मी उद्योग वाणिज्य संघ, गुल्मीले मिति २०७८/१२/२४ गते देखि २०७९/०१/०४ गतेसम्म आयोजना गरेको चौथो गुल्मी महोत्सवमा गुल्मीदरबार गाउँपालिकाको साँस्कृतिक पहिचान वडा नं. ६ मा रहेको कालिका नाच र वडा नं. ४ को मारुनी नाचको झाँकी गुल्मी महोत्सवमा सहभागी बनाउने साथै महोत्सव संचालनको लागि आवश्यक सहयोग गर्ने ।

**१६.८** गुल्मीदरबार गाउँपालिका भित्र रहेका भूमिहिन तथा अव्यवस्थित जग्गालाई व्यवस्थित गर्नको लागि गुल्मीदरबार गाउँपालिकामा राष्ट्रिय भूमि आयोगको सेवाकेन्द्र सञ्चालन सञ्चालन गरी कार्य संचालन गर्ने

**१६.९** गुल्मीदरबार गाउँपालिका वडा नं. १ को टारीफाँटमा पावरटेलर र ट्याक्टर जाने बाटो नहुँदा कृषकहरुले खेत जोत्नको लागि समस्या भएको भनी यस कार्यालयमा निवेदन प्राप्त भएको हुँदा उक्त फाँटमा पावरटेलर र ट्याक्टर जाने बाटो निर्माणको लागि रु. २५ हजार लागत स्टिमेट र मूल्याङ्कनका आधारमा निवेदक शिव गौतमलाई उपलब्ध गराउने ।

**१६.१०** गुल्मीदरबार गाउँपालिका स्थापना भए देखि हालसम्म भए गरेका योजना तथा कार्यक्रमहरुको वृत्तचित्र तथा गुल्मीदरबार दर्पण नामको पुस्तक प्रकाशनको लागि छनौट भएको साथी मिडियाको टोलि स्थलगत रुपमा सबै वडामा आउनेहुँदा विकास निर्माणसँग सम्बन्धित योजनाहरु, साँस्कृतिक सम्पदाहरु, साँस्कृतिक झाँकीहरु तथा पर्यटकीय क्षेत्रहरुको पहिचानको लागि सहजिकरण गर्ने र आफ्नो वडा भित्र भए गरेका विकास निर्माणका कार्यहरुको फोटो सहितको विवरण प्रतिवेदन वडा सचिवहरुलाई तयार गर्न लगाई १५ दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने ।

**१६.११** गुल्मीदरबार गाउँपालिका वडा नं. ५ मा एकघर एक हिलटयाङ्की कार्यक्रम सञ्चालन भएकोमा उक्त कार्यक्रम सम्पन्न गर्नको लागि हाल २४ थान मात्र हिलट्याङ्की नपुग भएको हुँदा हिलट्याङ्की खरिद लागि नपुग रकम उपलब्ध गराउने ।

**१६.१२** विभिन्न निकायबाट प्राप्त परिपत्रहरु बैठकमा प्रस्तुत भई छलफल भयो । प्राप्त निर्देशन अनुसार कार्यान्वयन गर्ने ।

## मिति २०७८/१२/१७ गतेको सत्रौं गाउँ कार्यपालिका बैठकका निर्णयहरु

**१७.१** गाउँ कार्यपालिकाबाट यस अघिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको विषयमा समिक्षा गरियो । निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

१७.२ स्थानीय तह सदस्य निर्वाचन सम्बन्धी निर्वाचन आयोगबाट प्राप्त परिपत्रको जानकारी तथा छलफल भयो । आगामी २०७९ बैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचनको लागि गाउँपालिकाको कार्यालयको तर्फबाट साधनस्रोत उपलब्ध गराई निर्वाचनको लागि आवश्यक सहयोग गर्ने ।

१७.३ यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा व्यवस्थापन समिति गठन भइ जग्गाको निवेदन आव्हान गरेकोमा उपलब्ध जग्गाको निवेदनमा भवन निर्माणको लागि पर्याप्त जग्गा उपलब्ध हुन नसकेको हुँदा म्यालपोखरीको जंगलमा पहिले नापजाँच गरेको जग्गाको IEE अन्तिम चरणमा रहेकोले IEE फाइनल रिपोर्ट प्राप्त गरी उक्त जग्गामा प्रशासकीय भवन निर्माणको लागि DPR तयार गरी प्रशासकीय भवन निर्माणको कार्य अगाडि बढाउने ।

१७.४ सुरक्षित आवास कार्यक्रम अन्तर्गत घर निर्माण गरेका नागरिकहरुलाको दोस्रो किस्ता बापतको रकम रु.३००००।-का दरले तपसिल बमोजिम उपलब्ध गराउने ।

तपशिल

वडा नं. १ का १२ जना
वडा नं. २ का ४ जना
वडा नं. ३ का २ जना
वडा नं. ४ का ७ जना
वडा नं. ५ का २ जना
वडा नं. ६ का २ जना

**१७.५** गुल्मीदरबार गाउँपालिकाको खरका छाना मुक्त गर्ने अभियानको लागि खरिद गरिएको जस्तापाताहरु तपसिल बमोजिम वितरण गर्ने ।

वडा नं. १ का ५१ जना

वडा नं. २ का १ जना

वडा नं. ३ का १० जना

वडा नं. ४ का १० जना

वडा नं. ५ का ४ जना

वडा नं. ६ का ६ जना

वडा नं. ७ का १० जना

१७.६ यस पालिकाको वार्षिक विकास कार्यक्रम अन्तर्गतका भेंडाउन प्रबर्द्धन, बाख्रा पकेट, तरकारी पकेट, मकै पकेट तथा कफि प्रबर्द्धन कार्यक्रमको सूचना प्रकाशन गर्ने ।

१७.७ वार्षिक विकास कार्यक्रम अन्तर्गत सशर्तमा रहेको बंगुर स्रोत केन्द्र स्थापनाको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१७.८ यस पालिकामा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि हेफर नेपाल प्रोजेक्टसँग सम्झौता भइ सकेको हुँदा उक्त कार्यक्रम सञ्चालनको लागि प्रतिवेदन प्राप्त भए पश्चात सम्झौतानुसार पेश्की रकम उपलब्ध गराउने ।

१७.९ गुल्मीदरबार गाउँपालिका वडा नं. १ का जेष्ठ नागरिकहरुलाई कोभिड खोप लगाउन ल्याउने लैजाने कार्यको लागि गाडी भाडा रकम रु. २८०००।- को नियमानुसार कर कट्टी गरि भुक्तानी गर्ने गरियो ।

